हिटा कार्टुनिस्ट महेश बस्ताकोटी पुरस्कृत

काठमाडौं/हिटा । हिमालय टाइम्सका कार्टुनिस्ट महेश बस्ताकोटी सम्मानित हुनुभएको छ । कार्टुनिस्ट क्लब नेपालको आयोजनामा नक्सालस्थित नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा विश्व कार्टुनिस्ट दिवस २०८१ को अवसरमा उहाँ सम्मानित हुनुभएको हो । क्लबका निवर्तमान अध्यक्ष अविन श्रेष्ठले आफ्ना आमाबुबाको नाममा स्थापना गर्नुभएको शारदा-गोविन्दमान व्यंग्यचित्र प्रतिभा पुरस्कार २०८१ बाट बस्ताकोटीलाई नगद पुरस्कार दश हजारसहित पुरस्कृत गरिएको थियो ।

पुरस्कारबारे बोल्नुहुँदै अविन श्रेष्ठले तीन दशकभन्दा बढी कार्टुन बनाइसकेपछि आफ्नो मात्रै प्रगतिभन्दा पनि नयाँ प्रतिभालाई हौसला प्रदान गर्न एउटा कार्टुनिस्टले अर्को कार्टुनिस्टलाई कार्टुनकै बारेमा पुरस्कार दिन उचित हुने भएकाले नयाँ पुरस्कार प्रदान गरेको बताउनुभयो । पुराना कार्टुनिस्टलाई भन्दा नयाँ कार्टुनिस्टलाई पुरस्कार प्रदान गर्दा आर्थिक मन्दी, प्रिन्ट मिडियाहरूको ह्रासले गर्दा नयाँ प्रतिभाहरू पलायन हुन थालेकाले नयाँ-नयाँ कार्टुनिस्टलाई प्रदान गरेको प्रष्ट पार्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि पूर्वमन्त्री एवं पुराना कार्टुनिस्ट रमेशनाथ पाण्डेले छोटो समयमै नै पढ्न, बुझ्न र हाँस्न सकिने कार्टुन विधा पहिला-पहिला तयार गर्न गाह्रो भए पनि आजभोलि समय र परिस्थिति जटिल भएको बताउनुभयो । पत्रकारितामा कार्टुनको विशेष स्थान हुने भएकाले कार्टुनिस्टहरूको पनि विशेष दायित्व र महत्त्व हुने बताउनुभयो र सम्पूर्ण नयाँ तथा पुराना कार्टुनिष्टहरूलाई कार्टुनिस्ट दिवसको शुभकामना दिनुभयो ।

नेपाली कार्टुनहरू विदेशीहरूले नबुझ्ने आफ्नो अनुभव सुनाउनुहुँदै अग्रज कार्टुनिस्ट रामकुमार पाण्डेले कार्टुनहरूको अनुसन्धान हुनुपर्ने, बुलेटिन प्रकाशित गरी पुराना कृत्तिहरू संग्रह गर्नुपर्ने तथा अग्रज कार्टुनिष्टहरूको अनुभव आदानप्रदान गर्नुपर्ने सुझाव दिनुभयो ।

कार्यक्रममा क्लबका अध्यक्ष वासु क्षितिजले पुरस्कारको छनोट प्रक्रियाबारे प्रष्ट पार्नुहुँदै अग्रजहरूलाई धन्यवादसहित सम्पूर्णमा कार्टुनिस्ट दिवसको शुभकामना दिनुभयो । कार्यक्रममा कार्टुनिस्ट राजेश केसीले नेपाली कार्टुनको इतिहासमा अविन श्रेष्ठको योगदान अतुलनीय रहेको र यो पुरस्कार स्थापनाले उहाँको योगदान अझै बढेको बताउनुभयो । उक्त कार्यक्रममा ललितकलाका कुलपति नारदमणि हार्तम्छालीले पनि पुरस्कृत तथा सम्पूर्ण कार्टुनिस्टहरूलाई शुभकामना दिनुभयो तथा भविष्यमा कार्टुनिस्ट दिवस मनाउनेबारे क्लबसँग छलफल गरेर अगाडि बढ्ने बताउनुभयो । कार्यक्रममा रवि मिश्रले पनि शुभकामना दिनुभएको थियो र पुरस्कृत महेश बस्ताकोटीले आफ्नो अनुभव र पुरस्कारबारे खुसी व्यक्त गर्नुभयो ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७१/०४/०८ मा दर्ता भएको शुभ सिद्धि लाइफ केयर (प्रा.लि.नं. १२४६१७) नामक कम्पनी यस कार्यालयको निति २०८१/०१/२३ को निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

वर्गीकृत डिस्प्ले
बीमालेख हराएको सूचना
मिति २०८०/१२/१० कुलेश्वरबाट बीमा संस्थान जाँदा मेरो राष्ट्रिय बीमा संस्थानको बीमालेख नं. २११६८५ को बीमालेख हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिन हुन अनुरोध गर्दछु ।
नाम : सजना शाही
ठेगाना : कुपण्डोल, ललितपुर
सम्पर्क : ९८५१०७०६८६
वर्गीकृत डिस्प्लेको लागि सिधा सम्पर्क : ०१-४४७८१७७
विज्ञापनको लागि हाम्रा सिधा सम्पर्क नम्बरहरू:
काठमाण्डौं : ०१-४४७८१७७
विराटनगर : ९८४२०५९११०
गौर, रौतहट : ९८४५१३५९३४
मलंगवा : ९८०४८२३४११
e-mail: hitanewz@gmail.com hitanewz@yahoo.com
Website : ehimalayatimes.com.np

हकदावीको सूचना
गण्डकी प्रदेश, गोरखा जिल्ला, अजिरकोट गाउँपालिका, वडा नं. ४ बस्ने पदम दवाडी क्षेत्रीको नाति, दान बहादुर दवाडी क्षेत्रीको छोरा, मोहनकिम्रीख बहादुर दवाडी क्षेत्रीले हिमालयन बैंकको ठमेल शाखामा साधारण बचत खाता नं. ०१९९०८५६६९४००१४ खोली कारोवार गर्दै आउनु भएकोमा खातावाल मोहनकिम्रीख बहादुर दवाडी क्षेत्रीको मिति २०८०।१२।०५ मा मृत्यु भएको र इच्छाएको व्यक्ति नभएको हुनाले, उक्त खातामा रहेको रकम हस्तान्तरण गरी खाता बन्द गरी पाउँ भनी मृतकको पत्नी कमला दवाडीले आवश्यक कागजात संलग्न गरी बैंक समक्ष निवेदन दिनु भएकोले उक्त रकम उपर अन्य कसैको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिनभित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा मागबमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ ।
HBL Himalayan Bank Ltd.
मुख्य शाखा, हिटी दरबार, दरबार मार्ग, काठमाडौं, नेपाल

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय आयोजना कार्यान्वयन इकाई
मोरङ, विराटनगर
आर्थिक प्रस्ताव स्वीकृत भएको आशय सम्बन्धी सूचना
सूचना नं.- १७/२०८०/०८१
(प्रथम पटक प्रकाशित मिति २०८१।०१।२४)

यस कार्यालयबाट मिति २०८०।१२।१९ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार म्याद भित्र एए:इ को भउचयअगचझभलत एयचतर्बा मार्फत रितपूर्वक दर्ता भई प्राविधिक प्रस्तावमा सफल सम्पूर्ण बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही रहेको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप-दफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

सि. नं.	ठेक्का नं.	आयोजनाको नाम	न्युनतम मूल्याङ्कित बोलपत्र दाताको नाम र ठेगाना	कबोल रकम रु (मु.अ.कर बाहेक)
1.	FPIU/Morang/ Works/NCB/51 -2080-81	Morang Jilla Biratnagar Mahanagarpalika 1, 2, 3, 8,10 ra 19 ma Shahari purwadhar Nirman	Debika Construction, Budhiganga 5, Morang	56,04,892.60

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार बिकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय
गोरखा
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
प्रकाशित मिति : २०८१/०१/२४

यस कार्यालयबाट तपशिल बमोजिमका कार्यको लागि मिति २०८०/११/०१ र मिति २०८०/१२/०९ मा आव्हान गरिएको बोलपत्र सम्बन्धि सूचना बमोजिम e–bidding मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको मुल्याङ्कन गर्दा तपशिलको तालिकामा उल्लेख भएका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र.स.	योजनाको नाम	न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक ने .रू. (भ्याट र PS बाहेक)	कैफियत
१.	Construction Of Motorable Bridge Over Tandi Khola, Gorkha (IDO/GORKHA/NCB/W/BRIDGE/04/2080-81)	Chakra Devi/Aama JV, Kathmandu	19,456,267.50	
२.	Upgrading Of Bhachek Batase Tutuwan Sungure Sadak, Gorkha (IDO/GORKHA/NCB/W/R/50/080-81)	Buddhi Gandaki Rhino JV, Kathmandu	28,330,227.00	
३.	Construction of Culvert at over Khare khola at Marsyangdi Cooridoor, Majuwa Yangkot Akala Section Connectiong ward 13 and 14, Gokha (IDO/GORKHA/NCB/W/BRIDGE/05/2080-081)	Cleashot Construction Pvt.Ltd, Tokha	31,83,006.00	
४.	Maudi Khola Culvert, Aarughat, Gorkha (IDO/GORKHA/NCB/W/BRIDGE/06/2080-081)	Manaslu Engineering Solution and Construction Pvt. Ltd., Aarughat	39,08,796.80	

कार्यालय प्रमूख
पूर्वाधार विकास कार्यालय, गोरखा

नेपाल सरकार
नेपाल ट्रष्टको कार्यालय
कमलादी, काठमाडौं
बोलपत्र रद्द गरेको सम्बन्धमा
सूचना प्रकाशित मितिः २०८१।०१।२४ गते

यस कार्यालयले मिति २०८०।११।०४ (February 16, 2024) गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना ठेक्का नं. 01/NCB/Works/NTO/2080-81, "Construction of Boundary Wall at Gokarna" सम्बन्धमा प्राविधिक त्रुटि देखिएकोले मिति २०८१।०१।२३ को निर्णयानुसार उक्त बोलपत्रसम्बन्धी खरिद कार्य रद्द गरिएको सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल
नदीजन्य पदार्थको उत्खनन् तथा विक्रीको लागि बोलपत्र आह्वान सम्बन्धी सूचना
प्रकाशित मितिः २०८१/०१/२४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ (च), अर्जुनधारा नगरपालिकाको आर्थिक ऐन, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७५, ढुङ्गा, गिटी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ तथा अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८१/०१/१२ गतेको निर्णय अनुसार तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी अर्जुनधारा नगरिपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. ०७९/०८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसील बमोजिमका सर्तहरुका अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

सूचना नं	ठेक्काको विवरण		न्यूनतम कबोल रकम (रु)	बोलपत्र दस्तुर (रु)
AMIR/११/ ०८०/०८१	टाडटिङ प्याकेज १	गोयाङ टाडटिङ दोभान गोयाङ र टाडटिङ- गोयाङ दोभान दक्षिण तर्फ बाट नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री	३९५४४४७	३०००
AMIR/१२/ ०८०/०८१	टाडटिङ प्याकेज २	भिमले चौरासे क्षेत्र- सानो नेते दोभान उत्तर (टाडटिङ तर्फ) बाट नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री	४७१६७५०	३०००
AMIR/१३/ ०८०/०८१	टाडटिङ प्याकेज ३	टाडटिङ ठुलो नेते दोभान उत्तर बाट नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री	३४३०३६४	३०००
AMIR/१४/ ०८०/०८१	टाडटिङ प्याकेज ४	टाडटिङ पुल उत्तर (औद्योगिक ग्राम क्षेत्र) बाट नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री	५००२६१४	३०००
AMIR/१५/ ०८०/०८१	टाडटिङ प्याकेज ५	कैदले घाट बाटो उत्तर टाडटिङ पुल दक्षिण र कैदले घाट दक्षिण भाङ्गबारी क्षेत्र बाट नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री	५७१७१२४	५०००
AMIR/१६/ ०८०/०८१	टाडटिङ प्याकेज ६	टाडटिङ सुखानी दोभान क्षेत्र बाट नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री	४८७८६१३	३०००
AMIR/१७/ ०८०/०८१	टाडटिङ प्याकेज ७	झोलुङ्गे पुलबाट ५०० मि उत्तर भित्ति गाउँपूर्व बाट नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री	४१९२५५८	३०००
AMIR/१८/ ०८०/०८१	टाडटिङ प्याकेज ८	बागेडाँगी पश्चिम उत्तर बाट नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री	३००१४९०	३०००
AMIR/१९/ ०८०/०८१	टाडटिङ प्याकेज ९	पानिकल टाडटिङ बिरिङ्ग दोभान क्षेत्र बाट नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री	४१९२५५८	३०००
धरौटी रकम		कबोल रकमको ५ प्रतिशत		

शर्तहरुः-

१) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा एन.आई.सि. एसिया बैंक शाखा कार्यालय, शनिश्चरे मा रहेको यस कार्यालयको राजस्व खाता नं.००९२०५०५११२५८०१२ मा नगद जम्मा गरेको नगद भौचर साथ मिति **२०८१/०१/३१** गते दिनको १२ बजे भित्र विद्युतीय माध्यमबाट खरिद तथा दाखिला गर्न सकिनेछ । विद्युतीय माध्यबाट बोलपत्र पेश गर्ने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np /egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२) बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अंकको ५% प्रतिशतको दरले हुने आउने धरौटी रकम यस कार्यालयको एन.आई.सि एसिया मा रहेको धरौटी खाता नं. ००९२०५०५११२५८०१८ जम्मा गरि सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरि १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड साथ पेश गर्नुपर्नेछ।

३) खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरि विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ।

४) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धि कागजातहरु मिति **२०८१/०१/३१** गते दिनको १:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५) बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुने आएमा बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेनछ ।

६) बोलपत्र स्वीकृत पश्चात कबोल अंकको ४० प्रतिशतले हुने रकम सम्झौताको समयमा र दोश्रो किस्ताबापत ३० प्रतिशत र तेस्रो किस्ता वापत ३० प्रतिशतले हुने रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८१ आषाढ मसान्तसम्म म्याद रहेको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ ।

७) बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत मु.अ. कर वापतको रकम समेत अग्रिम यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुटै बुझाउनु पर्नेछ ।

८) ठेक्का कबोल रकम एकमुष्ट बुझाएमा कबोल अंकको (भ्याट बाहेकको) १० प्रतिशत छुट दिइनेछ ।

९) नदीजन्य पदार्थ ढुवानी गर्न सडकहरुमा खाल्डा खुल्डी पुर्न, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्बन्धित ठेकेदारले गर्ने पर्नेछ। सो वापत खर्च दावी गर्न पाइने छैन ।

१०) रोडा, ढुङ्गा, बालुवा, ग्राभेल तथा गिट्टी संकलन तथा निकासी सम्बन्धमा नेपाल सरकारबाट स्वीकृत नियमन सम्बन्धी प्रतिवेदन पालना गर्नु पर्नेछ। अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम कार्य गरेको नपाइएमा तत्काल कानून बमोजिम कारवाही गरिनेछ। यसरी उत्खनन गरेको परिमाणका लागत प्रत्येक १५/१५ दिनमा यस नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

११) ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । बिचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधीको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठन गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१२) स्वीकृत IEE प्रतिवेदन अनुसार तोकिएको स्थानबाट तोकिएको परिमाणमा निर्माण सामाग्री उत्खनन, संकलन, घाटगद्धी विक्री वितरण गर्नुपर्नेछ । सो तोकिएको परिमाण तथा नाका भन्दा बाहिर गई निर्माण सामाग्री निकाल्न पाइनेछैन ।

१३) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाण तथा अन्य शर्तहरुका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।